छिन्नमस्ता गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश सप्तरी

प..स.२०७९/०८०
च.नं.

मिति : २०७९/१२/....

## सूचिकृत तथा प्रस्ताव आव्हानको सूचना

प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाका ४ वटा संभागहरु मध्ये कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवार काठमाण्डौको शसर्त अनुदान अन्तर्गत छिन्नमस्ता गाउँपालिका सप्तरी मार्फत संचालन हुने उखु पकेट क्षेत्रमा स्यालो टयुवेल जडान कार्यक्रम संचालन गर्न चाहने इच्छुक कृषक समुह, कृषि सहकारी, कृषि उद्यमी, फर्म, जलउपभोक्ता समितिले देहायका पूर्वाधार भएको/ हुन सक्ने शर्तमा यस गा.पा.का.वाट उखु वालीमा १ वटा पकेट रहने गरि २० हेक्टर ( ६०० कठ्ठा ) एउटै कोरीडोरमा चक्लावन्दिमा हुने गरि तपसिल वमोजिम विवरणहरु संलग्न राखी सूचना प्रकाशित भएको मिति देखि लागु हुने गरि १५ दिन भित्र ( २०७९/१२/२८ गते सम्म ) सूचिकृतको लागि प्रस्ताव पेश गर्न हुन सम्वधित सवैमा जानकारीको लागि अनुरोध छ ।

२०७९/१२/१४
प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु

१. सडकको पहुँच भएको वा हुन सक्ने
२. विधुतको उपलब्धता भएको वा हुन सक्ने
३. तोकिएको क्षेत्रफल चक्लाबन्दि भएको वा हुन सक्ने वा एउटै कोरिडोरमा रहेको
४. सिंचाईको उपलब्धता भएको वा हुन सक्ने
५. वित्तिय संस्थाहरुको पहुच भएको वा हुन सक्ने

तपसिल

१. अनुसूची १० बमोजिम आवेदन फारममा रु. १० को टिकट टाँसी रित्तपूर्वक भरेको तथ्यांक र प्रस्तावना सहितको निवेदन ।
२. गा.पा.को राजस्व शाखावाट रु. ३००।- रकम बुझाएको रसिद ।
३. सम्वन्धित निकायमा दर्ता भएको कृषक समुह, कृषि सहकारी, कृषि उद्यमी,फर्म, जलउपभोक्ता समिति दर्ता तथा नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी ।
४. आफूले संचालन गर्ने कृषि वाली एकिन गरि संस्थाको निर्णय सहित पेश गर्नु पर्ने छ ।
५. फर्म/सहकारीको हकमा **PAN No** सहित २०७८/०७९ को अडिट प्रतिवेदन र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी ।
६. कार्यक्रम संचालन हुने स्थानको (जग्गा जमिन ) स्वामित्व खुल्ने कागजात वा भाडाको भएमा कम्तिमा ५ वर्षको सम्झौता वा सार्वजनिक जग्गा भएमा सम्वन्धित स्थानिय निकायको कम्तिमा ५ वर्षको सहमति पत्र ।
७. वडा कार्यालयको सिफारिस
८. निवेदकको नागरिकताको वा परिचय खुल्ने प्रमाण-पत्रको प्रतिलिपी ।
९. एउटै समुह /सहकारी/फर्म संस्थासँग उल्लेखित क्षेत्रफलमा जग्गा नभए अन्य समुह/सहकारीसँग मिली सहमति गरी एउटै कोरिडोरमा पकेट कार्यक्रमको लागि अलग-अलग पेश गर्न सकिनेछ ।
१० आवेदन साथ पेश गरेका सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ ।
११. व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट ) स्वीकृत गर्ने सम्वन्धि अधिकार यस गा.पा.मा सुरक्षित रहनेछ ।
१२. पकेट संचालन सम्वन्धि नयाँ कार्यविधि २०७७ अनुसार २ वर्ष सम्म कुनै संस्थावाट अनुदान लिईसकेका पुराना पकेटहरु यसमा भाग लिन पाउने छैन ।
१३. स्थानिय वा अन्य कुनै निकायवाट पकेट, ब्लक, चकलावन्दी खेती वा जोन संचालन गरेको कृषक समुह , सहकारी वा अन्य कुनैले आवेदन दिन पाउने छैन ।